कर्णाली प्रदेश सरकार
भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षि विकास निर्देशनालय

# पशु अस्पताल तथा पशु सेवा कार्यालय

दुनै ,डोल्पा

मिति-२०८०।०८।२९

सुचना नं १४-२०८०/०८१

व्यवसायिक चौरी प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सुचना ।

प्रथम पटक प्रकासित मिति- २०८०/०८/२९

यस पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक स्विकृत कार्यक्रम अनुसार लागत सहभागितामा व्यवसायिक चौरी प्रवर्द्धन कार्यक्रम संचालन गर्नको लागी अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा डोल्पा जिल्ला जगदुल्ला गा पा वडा न ४ का चौरी पालन ब्यवसाय गरेका इच्छुक कृषक समुह/कृषि सहकारी /उद्यमि तथा ब्यावसायिक पशुपंन्छि फर्म वाला ब्यावसायीबाट दरखास्त आब्हानको लागी यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन भित्र र ३० औ दिन सार्वजानिक विदा पर्न गएमा सो को भोली पल्ट कार्यालय समयमा जगदुल्ला गाउँपालिका पशु सेवा शाखामा तपसिल अनुसारका कागजात संलग्न राखी आवेदन सहित प्रस्ताब पेश गर्न हुन सुचित गरिन्छ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धि Website-www.vethosdolpa.gov.np मा हेर्न हुन वा कार्यालयको फोन नं ०८७५५००५२ र सम्पर्क ब्यक्ति श्री प्रेमराज बोहोरा मोवाइल नं ९७४२५९१२८१ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल

| सि नं | आयोजना/कार्यक्रमको नाम | इकाइ | परिमाण | बजेट रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक चौरी प्रवर्द्धन कार्यक्रम जगदुल्ला गा.पा वडा नं ४ | संख्या | १ | ३००००००।— (तिस लाख) | |

आवश्यक कागजातहरु

क) रु.१० को हुलाक टिकट टाँस गरिएको अनुसुचि ५ अनुसारको सिल्बन्दी आवेदन ।

ख) कृषि ब्यावसाय गर्ने अनुसुची ६ (ख) अनुसारको प्रस्ताब।

ग) फर्म तथा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

घ) ब्यावसायिक पशुपंन्छि फर्मको हकमा गत आ.ब को लेखा परिक्षण भएको प्रतिबेदन ।

ङ) ब्यावसायिक पशुपंन्छि फर्मको हकमा गत आ.ब सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण।

च) ) ब्यावसाय संचालन गर्ने जग्गाको क्षेत्रफल र स्वामित्वो वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।

छ) प्रतिबद्धता पत्र ।

ज) दफा १९ को उपदफा १ र २ बमोजिमको अनुदान नलिएको स्वघोषना पत्र ।

झ) स्थानिय तहको सिफारिस पत्र ।

ञ) कृषक समुह/समिति/सहकारीको हकमा बैठकको निर्णय प्रतिलिपि ।

ट) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्र।

ठ) अन्य केही कागजात भए पेश गर्ने ।

कार्यालय प्रमुख

CamScanner